कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१४ | वि.सं. २०८१ फागुन २३ शुक्रबार | नेपाल संवत: ११४४, फागुन शुक्ल सप्तमी | Friday 7 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

### मध्यपश्चिम विश्वविद्यालयको दीक्षान्त समारोह

# तीन हजार आठ सय ४१ विद्यार्थी दीक्षित हुँदै



**ओम शाही**
**सुर्खेत, २२ फागुन ।**

मध्यपश्चिम विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोह (आज) शुक्रबार आयोजना हुँदैछ। विश्वविद्यालयको कुइनेपानीस्थित केन्द्रीय कार्यालय परिसरमा विहान ११ बजेबाट दीक्षान्त समारोहको सुभारम्भ हुनेछ। दीक्षान्त समारोहको अध्यक्षता प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपती केपी शर्मा ओलीले गर्नेछन्।

शिक्षा, विज्ञान तथा विश्वविद्यालयका सहकुलपती विद्या भट्टराई, सिक्किम केन्द्रीय विश्वविद्यालयका संस्थापक उपकुलपति तथा जवाहरलाल नेहरु विश्वविद्यालय भारतका प्राध्यापक डाक्टर महेन्द्र पी. लामा प्रमुख अतिथि रहने दीक्षान्त समारोहबाट तीन हजार आठ सय ४१ विद्यार्थी दीक्षित हुनेछन्। यस पटकको दीक्षान्त समारोहमा आठ सय ८५ जना विद्यार्थी र सोही संख्यमा अभिभावकको प्रत्यक्ष सहभागिता हुने विश्वविद्यालयले जनाएको छ।

विश्वविद्यालयका अनुसार ग्र्याजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेस, ग्र्याजुएट स्कुल अफ एजुकेसन, ग्र्याजुएट स्कुल अफ म्यानेजमेन्ट, ग्र्याजुएट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी, ग्र्याजुएट स्कुल अफ इञ्जिनियरिङ, ग्र्याजुएट स्कुल अफ लका स्नातक, स्नातकोत्तर, दर्शनाचार्य तथा विद्यावारिधि तहका विद्यार्थीहरु दीक्षित हुनेछन्। दीक्षान्त

बाँकी ३ पेजमा

## यस्तो छ एमयूको इतिहाँस

मध्यपश्चिम विश्वविद्यालयले स्थापनाको १४ वर्षको यात्रा पूरा गरेको छ। ३ असार २०६७ मा औपचारिक रूपमा सरकारी लगानीबाट विश्वविद्यालय स्थापना भएको थियो। मध्यपश्चिम विश्वविद्यालयलगायतका अन्य विश्वविद्यालय स्थापनाको ढोका २०४९ मा खुलेको थियो। राष्ट्रिय शिक्षा आयोगले २०४९ मा नयाँ विश्वविद्यालय थप गर्ने अवधारण अघि सारेपछि मध्यपश्चिम विश्वविद्यालयको अवधारणा अघि बढेको थियो।

२०५२ मा मध्यपश्चिम विकास क्षेत्रका नागरिकले तत्कालीन जिल्ला विकास समिति सुर्खेतको नेतृत्वमा विश्वविद्यालय स्थापनाको

बाँकी २ पेजमा

## प्रधानमन्त्रीले प्रदेशसभामा विशेष सम्बोधन गर्ने

विश्वविद्यालयको दीक्षान्त समारोहमा सहभागी भए पश्चात प्रधानमन्त्री ओलीले कर्णाली प्रदेशसभालाई विशेष सम्बोधन गर्नेछन्। दिउँसो २ बजे तय भएको प्रदेशसभा बैठकमा ओलीले प्रदेशसभामार्फत कर्णालीलाई विशेष सम्बोधन गर्ने कार्यतालिका रहेको प्रदेशसभाका सचिव जिवराज बुढाथोकीले जानकारी दिए।

दीक्षान्त समारोहमा सहभागी हुन सुर्खेत आउन लागेको अवसर पारी कर्णाली प्रदेश सरकारले प्रधानमन्त्री ओलीलाई कर्णालीका नाममा विशेष सम्बोधन गराउन लागेको हो। १८ फागुनमा मुख्यमन्त्री यामलाल कँडेलले प्रधानमन्त्री ओलीलाई भेटेर विशेष सम्बोधनका लागि अनुरोध पत्र हस्तान्तरण गरेका थिए।

कँडेलको विशेष आग्रहमा ओलीले प्रदेशसभालाई सम्बोधन गर्न लागेका हुन्। ओलीले यसअघि लुम्बिनी प्रदेशसभालाई पनि विशेष सम्बोधन गरिसकेका छन्। ओलीले प्रदेशसभामा सम्बोधन गरेपछि मध्यपश्चिम विश्वविद्यालयको इञ्जिनियरिङ्ग क्याम्पसको नवनिर्मित भवन उद्घाटन गर्ने छन्। त्यसपश्चात ओलीले निर्माणाधिन प्रदेश रंगशालाको अवलोकन गर्ने कार्यतालिका छ।

## बाँकेमा डढेलो नियन्त्रणका लागि पूर्वतयारी

**युग संवाददाता**
**बाँके, २२ फागुन ।**

जिल्लाका सामुदायिक तथा राष्ट्रिय वनमा डढेलो लाग्न नदिन र लागेमा नियन्त्रणका लागि पूर्वतयारी सुरु भएको छ।

जिल्ला वन कार्यालयले डढेलो लाग्ने सम्भावित वन क्षेत्रमा नियमित रूपमा अनुगमन गर्ने, 'फायरलाइन' बनाउने, पातपतिङ्गर सङ्कलन गरेर जलाउनेलगायत काम भइरहेका जिल्ला वन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले जानकारी दिए। "फायर एम्बुलेन्स तयारी अवस्थामा राख्न निर्माण गरिरहेका छौँ, केही दिनमा यो तयार हुन्छ", उनले भने।

उनका अनुसार रु ३० लाखमा निर्माण भएको सो एम्बुलेन्समा एक पटकमा छ हजार लिटर पानी राख्ने क्षमता हुन्छ। एम्बुलेन्समार्फत डढेलो लागेका क्षेत्रमा एक सय फिटसम्म पानी पुऱ्याएर आगो नियन्त्रणमा लिन सकिने उनले जानकारी दिए।

जिल्ला वन प्रमुख गुप्ताले डढेलो नियन्त्रणका लागि करारमा १५ अग्नि हेरालुलाई नियुक्त गरिएको जानकारी दिँदै १८ वटा सामुदायकि वनका समूहलाई परिचालन गरिएको बताए। उनले वनमा डढेलो लाग्न नदिन प्रचारप्रसारको काम भइरहेको उल्लेख गर्दै सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन भइरहेको बताए।

"समुदायस्तरमा डढेलो लाग्न नदिने उपाय, लागेमा अपनाउनुपर्ने विधिलगायत विषयमा सचेतनामूलक जानकारी दिइएको छ। डढेलोका विषयमा सामुदायिक वनका समूहसँग आवश्यक छलफल र सहकार्य भइरहेको छ", उनले भने।

वनमा डढेलो नियन्त्रणका लागि चक्ला वन क्षेत्रमा सात जना अग्नि नियन्त्रक नियुक्त भएको जनाउँदै गुप्ताले वरुण यन्त्र खरिद गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताए। गत वर्ष बाँकेका विभिन्न सामुदायिक वन र चक्ला वनका करिब पाँच हजार एक सय ३३ हेक्टर क्षेत्रफलमा डढेलो लागेको थियो।

## सातै प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना हुँदै




**युग संवाददाता**
**काठमाडौँ, २२ फागुन ।**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सातै प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गर्ने भएको छ। पहिलो चरणमा मधेस प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गर्ने मन्त्रीपरिषद्को निर्णयअनुसार यही फागुन २० गते भूमि सुधार तथा मालपोत कार्यालय महोत्तरी र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच जग्गा प्राप्तिसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय साउदी सरकारबाट बहुउद्देश्यीय पोलिटेक्निक इन्स्टिच्युट निर्माण गर्न प्राप्त १० लाख अमेरिकी डलर महोत्तरीको बलवा नगरपालिकामा उपयोग गरिने भएको छ। अन्तरराष्ट्रिय श्रम सङ्गठनको प्राविधिक सहयोगमा इन्स्टिच्युट स्थापनाको प्रक्रिया प्रारम्भ भएको हो।

प्रतिष्ठान मातहतका विभिन्न व्यावसायिक प्रशिक्षण केन्द्रमार्फत श्रम बजार लक्षित सीपमूलक तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन, सीप परीक्षण तथा प्रमाणीकरणलाई प्राथमिकतामा राखिएको जनाउँदै बुधबार जारी प्रेस विज्ञप्तिमा प्रमुख श्रम गन्तव्य मुलुकहरूसँग द्विपक्षीय संवाद र समन्वयलाई निरन्तर अघि बढाइएको उल्लेख छ।

प्रशिक्षण केन्द्र श्रम बजारको मागअनुसार सीपयुक्त मानव संसाधन उत्पादन गर्दै आन्तरिक तथा वैदेशिक रोजगारीका अवसर वृद्धि गर्न लाभदायक हुने विश्वास विज्ञप्तिमा व्यक्त गरिएको छ।

## अघि बढ्यो स्थानीय सेवा ऐन संशोधनको प्रक्रिया

**युग संवाददाता**
**सुर्खेत, २२ फागुन ।**

कर्णाली प्रदेश सरकारले निर्माण गरेको स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धमा व्यवस्था गर्न बनेको ऐन संशोधन हुने भएको छ।

२९ असोज २०८१ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जारी गरेको कर्णाली प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ कार्यान्वयनमा नआउँदै विवादमा परेको थियो।

बिहिबार बसेको मन्त्रिपरिषद्को बैठकले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक परामर्शका लागि प्रदेश लोकसेवा आयोगमा पढाउने निर्णय गरेको हो। ऐनमा व्यवस्था गरिएका कतिपय दफा तथा उपदफाले आफ्नो वृति विकासमा प्रत्यक्ष असर पारेको भन्दै स्थानीय तहका कर्मचारीले एक महिनासम्म वीरेन्द्रनगर केन्द्रित आन्दोलन गरेका थिए।

कर्मचारीहरु आन्दोलित बनेपछि प्रदेश सरकारले आवश्यक राय लिएर संशोधनको प्रक्रिया अघि बढाएको जनाएको छ। यस्तै, मन्त्रिपरिषद् बैठकले वन विकास कोषको रकम व्यवस्थापन सम्बन्धी नीतिगत निर्णयसमेत गरेको छ।

## सडकको संरक्षण गरौ

- ससुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं
- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेवित्तिकै बिगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लगाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Find Your Dream Job
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
GET IT ON Google Play
yugnews.com

## सम्पादकीय....

# विमानस्थल विस्तारमा राजनीति नगर !

प्रदेश सरकार स्थापनासँगै राजनीतिक मुद्दा बनेको सुर्खेत विमानस्थल त्यसयता नेताको बोली र प्रदेश तथा संघीय सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा निकै पटक समावेश भइरहन्छ। विशेष गरी कर्णाली प्रदेशबाट उच्च राजनीतिक शक्तिमा रहेकाहरुको जुङ्गे लडाईले सुर्खेत विमानस्थलले आफ्नो स्वरुप फेर्न सकेको छैन। कर्णालीका प्रथम मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सुर्खेत विमानस्थल विस्तारको योजना जोडतोडका साथ अघि बढाएका थिए। तर, विमानस्थलको धावनमार्ग विस्तार गर्दा ठूलो संख्यामा स्थानीयको उठिबाससँगै लागत धेरै लाग्ने भन्दै व्यापक विरोध भएपछि तत्कालिन अर्का मुख्यमन्त्री जीवनबहादुर शाहीले विस्तारको च्याप्टर नै क्लोज गरिदिएका थिए। स्थानीयस्तरमा पर्याप्त छलफल तथा परामर्श बिनै शाहीले उक्त गलत कदम लिएको उनी माथी आरोप छ। उती बेला विस्तारको योजनामा असहयोग गरेको भनि आरोप खेपेका वर्तमान मुख्यमन्त्री यामलाल कँडेलले पुनः यो विषयलाई सतहमा ल्याएका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुर्खेत विमानस्थल विस्तारमा स्रोत सुनिश्चित गर्न अर्थ मन्त्रालयलाई पत्र लेखेसँगै सेलाई सकेको विषय पुनः सतहमा छ। मन्त्रालयले सुर्खेत विमानस्थल विस्तारमा आवश्यक पर्ने बजेट व्यवस्था गरिदिन अर्थ मन्त्रालयमा पत्र लेखेको छ।

विमानस्थल विस्तारका लागि चालु आर्थिक बर्षमा काम अघि बढाउन चार अर्ब ९० करोड रुपैयाँको स्रोत सुनिश्चितता खोजिएको छ। जसमा सुर्खेत विमानस्थल विस्तारमा १० अर्ब बजेट आवश्यक पर्नेमा चालु आर्थिक वर्षमा जग्गा अधिकरण गर्न चार अर्ब ९० करोड रुपैयाँको स्रोत सुनिश्चिता अर्थ मन्त्रालयसँग मागिएको छ। यद्यपी रकम सुनिश्चित हुने वा नहुने भन्नेमा अन्यौलता कायमै छ। देशमा संघीयता कार्यान्वयनपछि मात्रै होइन त्यसअघि पनि सुर्खेत विमानस्थल साविक कर्णालीका सबै जिल्लाको हब थियो। २०७४ अघि साविक कर्णालीका जुम्ला, मुगु, हुम्ला र डोल्पा तथा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा सुर्खेत विमानस्थलबाट नियमित रूपमा हुँदै आएका उडानहरू त्यसयता भने नेपालगञ्जबाट हुँदै आएका छन्, जसले हवाई सेवा प्रयोग गरी प्रदेश राजधानी आउन लुम्बिनी प्रदेशको नेपालगञ्ज धाउनुपर्ने बाध्यता नागरिकमा छ। उतिबेला सुर्खेतबाट माथिल्ला जिल्लाहरूमा यात्रु तथा कार्गो उडान हुँदा सरकारले लगाउने हवाई शुल्क महँगो पर्ने भन्दै निजी हवाई कम्पनीहरूले आफ्ना उडानहरू नेपालगञ्ज स्थानान्तरण गरेका थिए।

यसरी स्थानान्तरण भएका उडानहरु पुनः कर्णालीमा स्थानान्तरण गर्न प्रदेश सरकारले धेरै पटक प्रयास थालेको भएपनि सफल हुन सकेको अवस्था छैन। सुर्खेत विमानस्थल संघीय राजधानीलाई कर्णालीसँग जोड्ने एकमात्र ठुलो क्षमताको विमानस्थल हो। पछिल्लो समय संघीय राजधानी आउजाउ गर्ने यात्रुको संख्यामा बृद्धिसँगै दुई वटा ७२ सिटे जहाजले उडान भरिरहेका छन्। तर, धावनमार्ग पर्याप्त नहुँदा जोखिम मोलेर फोर्स ल्याण्डिङ्ग गर्नुपर्ने अवस्था छ। यसले उच्च सुरक्षा जोखिम निम्त्याएको छ। शक्तिको आडमा धावनमार्ग स्तरोन्तीको विषयलाई स्वार्थ केन्द्रित राजनीतिसँग जोडिनु आफैमा गलत हो। यो विमानस्थल विस्तार अपरिहार्य छ। यसमा सबै राजनीतिक नेतृत्वहरु एक ठाउँमा उभिन आवश्यक छ। विमानस्थल विस्तार गर्दा प्रभावित हुने क्षेत्रका बासिन्दा तथा विद्यालयलाई सरकारले उचित व्यवस्थापनको योजना अघि बढाउन ढिला गरिनु हुँदैन। यसमा स्थानीयको पनि सहभागिता आवश्यक छ। समग्र कर्णालीको हवाई समृद्धिसँग जोडिएको विषयलाई अनावश्यक बखेडा झिकेर अवरोध गर्ने काम कसैले पनि गर्नुहुँदैन। यसर्थ, विमानस्थल विस्तारको चर्चा बढी काम कम हुने अवस्थाको अन्त्य होस्।

# बारम्बर किन उठ्छ बाँके र बर्दियालाई कर्णालीमा गाभ्ने बहस ?

**रमेश रावल**
**सुर्खेत, २२ फागुन ।**

गत शनिबार बाँकेको कोहलपुरमा आयोजित तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप-२०८१ को उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बाँके र बर्दिया कर्णालीमा गाभ्न नसकिने जिकिर गरे।

'यस क्षेत्रका जनप्रतिनिधिले समय-समयमा बाँके र बर्दियालाई कर्णालीमा गाभ्ने कुरा गर्नुहुन्छ, कर्णालीमा जान्छौँ भनेर बार्गेनिङ गर्नुहुन्छ, जुन कुरा गलत हो, यो कुरा प्रदेश सरकारलाई सह्य हुँदैन,' उनले भने, 'बाँके र बर्दियालाई पायक पार्न प्रदेश राजधानी बुटवलबाट दाङको भालुवाङ ल्यायौँ, अब तपाईंहरूले कर्णालीमा गाभिन्छौँ भनेर बार्गेनिङ गर्न मिल्दैन।'

८ साउन २०८१ मा प्रतिनिधिसभाको बैठकमै नेपाली कांग्रेसका सांसद सञ्जयकुमार गौतमले बाँके र बर्दियालाई कर्णाली प्रदेशमा राख्न माग गरेका थिए। प्रतिनिधि सभाको शून्य समयमा बोल्दै बर्दियाबाट निर्वाचित सांसद गौतमले गठबन्धनले संविधान संशोधन गर्ने सहमति गरेको भन्दै त्यसो गर्दा बाँके र बर्दियालाई कर्णालीमा गाभ्न गरेका थिए।

सांसद गौतम मात्र होइन, बाँके र बर्दियाबाट प्रतिनिधिसभामा एमालेका सांसद सूर्य ढकाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका धवलशमशेर राणाले विगतदेखि नै बाँके र बर्दियालाई कर्णालीमा गाभिनुपर्ने बताउँदै आएका छन्।

आर्थिक, भौगोलिक, सामाजिक र सांस्कृतिक हिसाबले बाँके र बर्दिया कर्णाली प्रदेशसँग नजिक रहेकाले यिनलाई कर्णालीकै जिल्ला बनाउनुपर्ने उनीहरूको भनाइ छ।

सांसद राणा नेपालगन्ज उपमहानगरपालिका प्रमुख हुँदा नै बाँके-बर्दियालाई कर्णालीमा गाभ्ने गरी २०७७ सालमै नगर सभाबाट निर्णय गराएका थिए। त्यस्तै, कोहलपुर नगरपालिकाको २०७७ सालको सातौँ नगर सभाबाट कर्णाली प्रदेशमा गाभ्नुपर्ने निर्णय सर्वसम्म पारित भएको थियो।

शनिबार पनि लुम्बिनीका मुख्यमन्त्री आचार्य कर्णालीमा गाभ्ने विषयमा बार्गेनिङ गरेको भनिरहँदा कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्यले लुम्बिनी प्रदेश सरकारले सुरुदेखि नै बजेटमा विभेद गरेको बताइरहेका थिए।

यो बहसको सुरुवात संविधान निर्माणका क्रममा प्रमुख चार दलका नेताहरू संलग्न विशेष समितिले २०७२ को साउन २३ गते ६ प्रदेशको खाका सार्वजनिक गऱ्यो। जसमा सुदूरका ९ तथा मध्यपश्चिमाञ्चलका १० जिल्ला समावेश गरेर एउटै प्रदेशको खाका थियो बाँके र बर्दियाबाहेक।

सार्वजनिक खाकाको असहमति जनाउँदै साविकका भेरी र कर्णाली अञ्चलमा 'अखण्ड मध्यपश्चिम' आन्दोलन भयो। साविकको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा राप्ती, भेरी र कर्णाली अञ्चलका पन्ध्र जिल्ला थिए। भेरी र कर्णालीका १० जिल्लालाई छुट्टै अर्को प्रदेशमा राख्न माग गर्दै १३ दिनसम्म चलेको आन्दोलनमा सुर्खेतका यामबहादुर बीसी, टीकाराम गौतम, गोपालसिंह जबरा र जुम्लाका हरिबहादुर कुँवरको साहदत भयो।

त्यसपछि मात्रै छुट्टै प्रदेशको खाका तयार गरियो। 'अखण्ड मध्यपश्चिम' आन्दोलनमा बाँके र बर्दिया लुम्बिनी प्रदेशमा गाभिए। यो आन्दोलनमा उनीहरू छुटे। राप्ती अञ्चलका रुकुम पश्चिम र सल्यानलाई मिलाएर साविक कर्णाली अञ्चलका पाँच जिल्ला भेरी अञ्चलका तीन जिल्ला गाभेर छुट्टै प्रदेश बन्यो। सबैभन्दा कान्छो सातौँ प्रदेश। 'अखण्ड मध्यपश्चिम' को आन्दोलन पनि रोकियो।

**व्यापारिक सम्बन्ध**

बाँके र बर्दियालाई कर्णालीमा गाभ्नुपर्छ भन्ने बहस हुनुका धेरै कारण छन्। धेरै कारणमध्ये एउटा व्यापारिक हो। कर्णाली प्रदेशको पुरानो व्यापारिक केन्द्र नेपालगन्ज र कोहलपुर हुन्। सडक सञ्जालले नछुँदासम्म हटारुबाट व्यापार त्यहीँ हुन्थ्यो। अहिले कर्णाली प्रदेशको आयात सबैभन्दा बढी कोहलपुर र नेपालगन्जबाट हुँदै आएको छ। सडक सञ्जाल बनेपछि नेपालगन्जलाई केन्द्रबिन्दु मानेर खनिएका छन् कर्णाली प्रदेशका दुई सडक। कोरिडोरमध्ये दुवैको मुख्य बिन्दु नेपालगन्ज हो।

पहिलो, नेपालगन्ज, सुर्खेतको छिञ्चु, सल्यान, जाजरकोट, रुकुम पश्चिम भएर डोल्पा हुँदै चीनको मोरिल्ला जोड्ने भेरी करिडोर। अर्को, नेपालगन्ज हुँदै सुर्खेतको बाङ्गेसिमल, दैलेख, कालिकोट, बाजुरा, मुगु, हुम्लाको हुँदै चीनको सिमाना हिल्सा जोड्ने सडक। यिनीहरूको पहिलो आधार नेपालगन्जलाई नै मानिएको छ।

त्यस्तै, अहिले कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट सङ्घीय राजधानी काठमाडौं जानुपर्दा बाँकेको कोहलपुर नै जानुपर्ने बाध्यता छ। त्यसको विकल्पमा अहिले मदन भण्डारी राजमार्ग बन्दै छ। मदन भण्डारी राजमार्गले सुर्खेत हुँदै दाङ छुन्छ।

यो सडक खण्ड स्तरोन्नतिको अन्तिम चरणमा छ। यहाँबाट काठमाडौं जाने रात्रिकालीन बस छोटो दूरीबाट छुटाउन थालिएको छ। अर्कोतर्फ कर्णाली प्रदेशबाट सुदूरपश्चिम प्रदेशमा जानका लागि सुर्खेतको बङ्गीचौरबाट कर्णालीको चिसापानीसम्मको सडक निर्माण भइसकेको छ। यो सडक सञ्चालन भएमा सुर्खेतबाट कोहलपुर भएर कैलालीसम्म जानुपर्ने दुरी छोटो हुनेछ।

यी सडकका कारणले बाँके र बर्दिया जिल्लासँगको व्यापारिक सम्बन्धमा कमी आउन सक्ने आंकलनका कारण बाँके र बर्दियालाई कर्णाली गाभ्ने बहस सुरु भएको हुनसक्ने मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीन पिताम्बर ढकाल बताउँछन्।

**सामाजिक सम्बन्ध**

कर्णालीका हजारौँ मान्छेको बाँके बर्दिया बसाई-सराई रहेको छ। मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्र, विगतमा लामो सयमदेखिको व्यापारिक केन्द्र, उब्जाउ भूमि, शैक्षिक हिसाबले अगाडी भएको र स्वास्थ्य क्षेत्रमा अब्बल रहेकाणले कर्णालीका हजारौँ बासिन्दाको बसाइँसराइ बाँके र बर्दियामा हुने गरेको थियो।

तर, अहिले यी संरचनाहरू कर्णालीमा बनेका छन्। प्रशासनिक संरचना, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, मध्यपश्चिम विश्वविद्यालय सुर्खेत, प्रदेश अस्पताल लगायतका संरचना कर्णालीमा नै भएकाले बसाइँसराइ रोकिएको छ।

विगतमा प्रशासनिक काम गर्न जाँदा, बिरामी उपचारमा, अध्यापन गर्न, किनमेल गर्न र अन्य कारणले जाँदा आफन्त भेटिने गरेका थिए। लुम्बिनीतिर त्यस्तो नभएकाले भावनात्मक रूपमा पनि बाँके-बर्दियाले कर्णालीका गाभ्नु पर्ने बहस उठ्ने गरेको हुनसक्ने मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीन ढकाल बताउँछन्।

**प्रदेश राजधानीसँग टाढाको दुरी**

नेपालगन्ज र कोहलपुरबाट कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आउन करिब दुई अढाई घण्टाको दूरी छ। त्यहाँबाट लुम्बिनी प्रदेशको राजधानी भालुवाङमा जान करिब चार घण्टा लाग्छ। नेपालगन्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाका २०७७ मा बाँके र बर्दियालाई कर्णालीमा गाभ्नुपर्ने निर्णय गर्दा प्रदेश राजधानीसँगको दूरीको विषय उठाएका थिए।

गत शनिबार कोहलपुरमै भएको तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप-२०८१ को उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री आचार्यले भने, 'बाँके र बर्दियालाई पायक पार्न प्रदेश राजधानी बुटवलबाट दाङको भालुवाङ ल्यायौँ, अब तपाईंहरूले कर्णालीमा गाभिन्छौँ भनेर बार्गेनिङ गर्न मिल्दैन।'

## यस्तो छ...

औपचारिक प्रक्रिया थालेका थिए। त्यसपछि २०५३ सालमा यस क्षेत्रका अगुवाहरुको साझा प्रयत्नले विश्वविद्यालय स्थापनाको अभियान अघि बढाउँने साइत जुरेको थियो। तत्कालीन जिल्ला विकास सुर्खेतका सभापतिको नेतृत्वमा गठन भएको विकास क्षेत्र सुदृढीकरण समितिले विश्वविद्यालय स्थापना अभियानको नेतृत्व लियो।

विश्वविद्यालय स्थापनाको औपचारिक नेतृत्व तत्कालीन सभापति गोविन्दबहादुर मल्ल र बालकृष्ण विसीले गरेका थिए। त्यसपछि स्थानीय निकाय नेतृत्वविहीन भएपछि नागरिक समाजको तर्फबाट गठित मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनार्थ मूल समितिका अध्यक्ष भूषणकुमार मानन्धरले नेतृत्व गरे। यसबीचमा विश्वविद्यालय स्थापनाका लागि आवश्यक आर्थिक सहयोग जुटाउन महायज्ञ सञ्चालन गरियो।

मौद्गल्य सेवा समाज नेपालले विश्वविद्यालय स्थापनार्थ श्रीमद्भागवदत् धनधान्याञ्चल महायज्ञ सञ्चालन गरी करोडौं बराबरको चल-अचल सम्पत्ति समेत विश्वविद्यालय समितिलाई हस्तान्तरण गरेको थियो। विश्वविद्यालय स्थापनाका लागि मौदगल्या सेवा समाजले २०६५ फागुन २७ गतेदेखि चैत ४ गतेसम्म सुर्खेतमा महायज्ञ लगाएको थियो। पाँच दिनसम्म लागेको महायज्ञमा विभिन्न संघ संगठन, संघ संस्था र व्यक्तिले गरी झण्डै २६ करोड रकम दान दिने कबुल गरेका थिए।

जसमध्ये चारहजार तीनसय ७० जनाले मागदान, ३० जनाले तुलादान, २३ जनाले भूमिदान र एकहजार २० जनाले नगद दान दिने कबुल गरेका थिए। महायज्ञमा कुल एककरोड २४ लाख ७५ हजार नौ सय ५७ रुपैयाँ ६२ पैसा नगद संकलन भएको थियो। यो नै विश्वविद्यालय स्थापनाको बलियो आधार थियो। यसका अलवा राजनैतिक समर्थन जुटाउने प्रयास अनुरुप मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमै स्थापना हुनुपर्ने र ऐन पास गराउन पटक-पटक डेलिकेसनमार्फत बहस लगायतका विभिन्न दवावपूर्ण गतिविधिहरू गरिए।

निरन्तरको जनदबाबकै कारणले विभिन्न समयमा तीनवटा कार्यदल गठन गरिए भए। ति कार्यदलमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन कार्यदल-२०५९, प्रस्तावित मध्यपश्चिमाञ्चल विश्वविद्यालयको प्रारम्भिक प्रारूप तयार गर्न गठित कार्यदलको प्रतिवेदन-२०६१ र प्रस्तावित मध्यपश्चिमाञ्चल विश्वविद्यालयका तयारी समितिको प्रतिवेदन-२०६४ थिए।

यी तीन वटै कार्यदलले मध्यपश्चिम विकास क्षेत्रमा विश्वविद्यालय आवश्यक रहेको निष्कर्षसहित सुर्खेतमा स्थापना गर्नुपर्ने राय सरकार समक्ष प्रस्तुत गरेका थिए। यसरी निरन्तर गरिएको प्रयासले १६ फागुन २०६५ मा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको विधिवत् बाटो खुलेको थियो। तत्कालिन सरकारले सुर्खेतमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापना गर्ने निर्णय लिएसँगै हालको मध्यपश्चिम विश्वविद्यालय जन्मिएको थियो। त्यसपछि 'मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७' अनुसार ३ असार २०६७ मा प्रमाणीकरण भइ जारी भएपछि विश्वविद्यालयका गतिविधिहरु अघि बढेका थिए।

२३ साउन २०६८ मा पहिलो उपकुलपतिको रूपमा प्रा.डा. पदमलाल देवकोटा नियुक्ति भएसँगै विश्वविद्यालयले आफ्ना शैक्षिक र प्रशासनिक गतिविधिहरू सञ्चालनमा ल्याएको थियो। उनको नेतृत्वमा मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आधार क्याम्पसको रूपमा वीरेन्द्रनगर बहुमुखी क्याम्पस र पब्लिक साइन्स क्याम्पसलाई विश्वविद्यालयको संरचनामा ल्याइएको थियो।

## विश्व

# ट्रम्पको चेतावनीले गाजा युद्धविरामलाई कमजोर बनाएको हमासको आरोप



**गाजा, २२ फागुन ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीले कमजोर युद्धविरामको अवहेलना गर्न इजरायललाई प्रोत्साहित गर्ने हमासले बताएको छ। अमेरिकाले 'आतंकवादी' समूह मान्ने हमाससँग गाजामा रहेका अमेरिकी बन्धकहरूलाई लक्षित गरी आकस्मिक प्रत्यक्ष वार्ता गरेको ट्रम्पको प्रशासनले खुलासा गरेको केही घण्टापछि ट्रम्पको यो चेतावनी आएको थियो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले इजरायलसँग परामर्श भएको पुष्टि गर्दै प्रत्यक्ष वार्ताका बारेमा आफ्नो धारणा व्यक्त गरेको जनाएको छ। ट्रम्पले आफ्नो प्रशासनले अर्बौं डलरको हतियार छिटो उपलब्ध गराउने क्रममा आफूले इजरायललाई आफ्नो काम पूरा गर्न आवश्यक सबै कुरा पठाउने बताएका थिए।

'सबै बन्धकहरूलाई अहिले रिहा गर्नुहोस्, पछि होइन, र तपाईंले हत्या गरेका मानिसहरूका सबै शवहरू तुरुन्तै फिर्ता गर्नुहोस्, अन्यथा यो तपाईंको लागि 'नारकीय' बाटो हुनेछ,' उनले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'यो तपाईंलाई दिइएको अन्तिम चेतावनी हो, हमास नेतृत्वका लागि अब गाजा छोड्ने समय आएको छ, तपाईंसँग अझै पनि मौका छ।'

ट्रम्पले सन् २०२३ को अक्टोबर ७ मा हमासको आक्रमणको प्रतिक्रियास्वरूप इजरायलको अथक सैन्य अभियानका कारण गाजाको सम्पूर्ण जनसंख्या विस्थापित भएको पनि बताएका थिए। 'गाजाका जनताका लागि एक सुन्दर भविष्यले पर्खिरहेको छ, तर यदि तपाईं बन्धकहरू राख्नुहुन्छ भने तपाईं सम्झनुस् परिस्थिति फरक हुनेछ। ठूलो क्षति व्यहोर्नुपर्नेछ।'

हमासका प्रवक्ता हाजेम कासिमले ट्रम्पको शब्दले इजरायललाई जनवरी १९ देखि जारी युद्धविरामका शर्तहरूको अवहेलना गर्न प्रेरित गरेको बताए। 'यी धम्कीहरूले युद्धविराम सम्झौतासँग सम्बन्धित मामिलाहरूलाई जटिल बनाउँदछ र यसका सर्तहरू कार्यान्वयन गर्नबाट जोगिन कब्जालाई प्रोत्साहित गर्दछ,' कासिमले एक बयानमा भने।

हमास नेता कासिमले भने, 'हमास संयुक्त राज्य अमेरिकालाई युद्धविरामको दोस्रो चरणमा प्रवेश गर्न इजरायललाई दबाब दिन आग्रह गर्दछ।'


# Bagchaur Municipality
# Office of the Municipal Executive

Bagchaur, Salyan

## Invitation for E-Bids

**Date of publication: 7 March, 2025**

Bagchaur Municipality invites electronic bids for the procurement of following work under National Competitive Bidding (NCB). Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of Bagchaur Municipality, Office of Municipal Executive, Bagchaur Salyan (Website:bagchaurmun.gov.np, Office Code NO.:801066002, Revenue Code:14229), may email on the email address (ito.bagchaurmun@gmail.com), or may call on (9860555604, 9868576841, 9869517811) at the office time.

| S N | Contract no. | Description of work | Estimated Amount (Inclusive VAT) | Bid Security Fee | Bid Document. Fee | Last date of Bid Submission | Bid Opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | BM-SAL-GOODS-NCB-02-2081/82 | Management in Free Delivery of school uniform to student of Government School. | 3397797.00 | 85000.00 | 3000.00 | 06/04/2025 12:00 (Noon) | 06/04/2025 2:00 (PM) |

**Chief Administrative Officer**

# पक्षधरतामा काम नगर्न मुख्यमन्त्री कँडेलको आग्रह

**युग संवाददाता**
**सुर्खेत, २२ फागुन ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले पक्षधरताभन्दा कार्य सम्पादनमा अब्बल भएर सेवा प्रवाह गर्न निर्देशन दिएका छन् । प्रदेश सरकार अन्तर्गत खुल्ला प्रतिस्पर्धाबाट अधिकृत सातौँमा नियुक्त भएका अधिकृतहरुलाई बिहिबार आयोजित एक कार्यक्रममा मुख्यमन्त्री कँडेलले सेवा प्रवाहमा पक्षधरताभन्दा कार्यसम्पादनलाई प्रमुख ठानेर काम गर्न निर्देशन दिएका हुन ।

समाजमा कर्मचारी र राजनीतिक नेतृत्वप्रति हेर्ने दृष्टिकोण सकारात्मक नभएको चर्चा गर्दै मुख्यमन्त्री कँडेलले अब सबै तहका कर्मचारीहरुले समाजलाई सकारात्मक दृष्टिकोण बनाउने गरि काम थाल्नु पर्नेमा जोड दिए । उनले भने, 'हिजोको जस्तो छैन, नागरिक सचेत भइसकेका छन, तपाईहरुको कामको मूल्याङ्कन नागरिकस्तरबाटै भइरहेको छ ।' आफनो जिम्मेवारी बढेसँगै आडम्बर समाजलाई देखाउने नाममा गलत काम गरेर आर्थिक हैसियत बढाउने काममा नलाग्न मुख्यमन्त्री कँडेलले कर्मचारीलाई निर्देशन दिए ।

## श्री अमरज्योति माध्यमिक विद्यालय
वीरेन्द्रनगर-१२, सुर्खेत
## Shree Amarjyoti Secondary School
Birendranagar-12, Surkhet

संशोधनसहित प्रकाशित सूचना

### शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/२१)**

यस विद्यालयमा तपसिल अनुसार रिक्त रहेको शिक्षक पद खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उमेदवारहरूले मिति २०८१ चैत ६ गते भित्र दरखास्त पेश गर्नुहुन यो विज्ञापन गरिएको छ ।

**तपसिल**

| क्र. सं | विज्ञापन नं: | तह र पद | विषय | आवश्यक दरवन्दि संख्या |
|---|---|---|---|---|
| १ | ००७/२०८१/०८२ | माध्यमिक तह शिक्षक (प्रदेश अनुदान) | गणित | १ |

**परीक्षाको किसिम:**
क) लिखित परीक्षा (सामान्य ज्ञान र विषयगत) ख) अन्तरवार्ता

**परीक्षा सञ्चालन मिति:** दरखास्त मिती सकिएको भोलीपल्ट जानकारी गराइनेछ ।

**आवश्यक न्यूनतम योग्यता:**
क) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्ने ।
ख) शिक्षा सेवा आयोग नियमावली (अन्तिम संशोधन) नियम १० बमोजिम अयोग्य नभएको ।
ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएको हुनुपर्ने ।
घ) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यता प्रमाण पत्रहरूको प्रतिलिपि चारित्रिक प्रमाण पत्र सहितको ।
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
घ) अन्य तालिम भए सोको प्रतिलिपि र दरखास्त फारामका लागि २ प्रति फोटा

**नोट :** क) दरखास्त दिने अन्तिम मिती २०८१/१२/०६
ख) दरखास्त पेश गर्ने अन्तिम मितीमा सार्वजनिक बिदा परेको भए सो को भोलिपल्ट हुनेछ ।

# तीन हजार...

समारोहमा उत्कृष्ट विद्यार्थीहरूलाई विशेष सम्मान प्रदान गरिनेछ । जसमा स्नातकोत्तर तहमा सर्वोत्कृष्ट भएका तीन जना विद्यार्थीलाई कुलपति पदक र स्नातक तहमा उत्कृष्ट तीन जनालाई उपकुलपति पदक प्रदान गरिनेछ । त्यस्तै, स्नातकोत्तर तहका ११ जना र स्नातक तहका १८ जना गरी ३५ विद्यार्थीले प्रमाणपत्रसहित विशेष पदक प्राप्त गर्नेछन् । यसअघि ६ वैशाख २०७९ मा सम्पन्न विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहबाट पाँच सय १९ विद्यार्थी दीक्षित भएका थिए ।

त्यस्तै, १७ असार २०७४ मा सम्पन्न प्रथम दीक्षान्त समारोहबाट तीन सय १५ विद्यार्थी दीक्षित भएका थिए । हाल मध्यपश्चिम विश्वविद्यालयमा झण्डै १३ हजार बढी विद्यार्थी अध्ययनरत छन् ।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री बुद्धिराम चौधरी धनी रहेको, दर्ता नम्बर ८८४६/०७८/०७९ बाट वी.न.पा-३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री चौधरी कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री ज्वाला रावल धनी रहेको, दर्ता नम्बर ९४२५/०७८/०७९ बाट वी.न.पा-९, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री काक्रेविहार कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## Naraharinath Rural Municipality
## Office of the Rural Municipal Executive
Kumalgaun, Kalikot
Karnali, Province

### Letter Of Intent (LOI)

**Date of Publication:2081/11/23**

This is to notify (as per Section 27(2) of Public Procurement Act 2063) to all Concerned bidders that, we are going to award following contract as per Published on dated on 2081/10/23 Yougaawan National Daily to following bidders selected on substantially responsive lowest evaluated bid fulfilling the qualification criterion:

| Contract Id No. | Name of Project | Substantially responsive Lowest Evaluated bidder | Bid Amount including VAT (NRs) |
|---|---|---|---|
| NNRM/G/ SPRTB/SQ/ 04/2081/082 | Procurement of Fabricate Steel Part for and transportation upto road head site of Rahagad Trail Bridges | Agro Engineering Works Pvt. Ltd. Butawal | 18,42,996.57 |

**Chief Administrative Officer**

## Kohalpur Municipality
## Office of Municipal Executive
Kohalpur, Banke
Lumbini Province, Nepal

### Invitation For Bids

**Date Of Publication:2081/11/23 ( Mar-07-2025 )**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1.0 | BANKE/ KOMUN/W/ NCB-16/2081/082 | Construction of 2 Room School Building at Srijana Bal Pra Bi, Kohalpur-14 Banke. | 90 days | 4,588,673.08 | 120,000.00 | 3000.00 | NCB |
| 2.0 | BANKE/ KOMUN/W/ NCB-17/2081/082 | Construction of 2 Room School Building at Nepal Rastriya Aa Bi, Kohalpur-10 Banke. | 90 days | 4,588,673.08 | 120,000.00 | 3000.00 | NCB |
| 3.0 | BANKE/ KOMUN/W/ NCB-18/2081/082 | Construction of 2 Room School Building at Nepal Rastriya Aa Bi, Kohalpur-7 Banke. | 90 days | 3,297,550.44 | 85,000.00 | 3000.00 | NCB |
| 4.0 | BANKE/ KOMUN/W/ SQ-10/2081/082 | Road Blacktop Work from Bidhyut Road Chowk to Bhandari Medical. Kohalpur-10, Banke. | 45 days | 1,537,564.79 | 40,000.00 | 1000.00 | SQ |
| 5.0 | BANKE/ KOMUN/W/ SQ-11/2081/082 | Janachatana Aa.Bi. School Building Construction, Kohalpur-4, Banke. | 45 days | 1,589,975.73 | 40,000.00 | 1000.00 | SQ |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | For NCB : 2081/12/26 (Apr-08-2025) (upto 12:00 Noon); For SQ : 2081/12/11 (Mar-24-2025) (upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | For NCB : 2081/12/26 (Apr-08-2025); For SQ : 2081/12/11 (Mar-24-2025) ; at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur , Banke |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Agriculture Development Bank,Kohalpur,Banke , AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur ,Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### आशय पत्र प्रकाशित गरिएको बारे सूचना

उपरोक्त सम्बन्धमा यस गुर्भाकोट बमोजिमका बोलपत्र खोलिएकोमा खरिद ऐन २०६३ को दफा २७ को जानकारीको लागी प्रकाशित गरिएको छ । नगरपालिका, नगरकार्यपालिका कार्यालयबाट प्रकाशित सुचना अनुसार तपशिल सारभुत रुपमा प्रभावग्राही रहेका तपसिलमा उल्लेखित फर्म रहेकाले सार्वजनिक उपदफा १ र २ बमोजिम यो ७ (सात) दिने, आशयपत्रको सुचना सम्बन्धित सबैको जानकारीको लागी प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का नम्बर | योजनाको नाम | फर्मको नाम | कबोल अंक भ्याट समेत | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/ GM/04/2081-082 | Aapsoti barmagar Road construction works Ghumkhahare, Surkhet | Himal Nirman Sewa Mugu | Rs: 1715609.74 | |
| 2 | NCB/WORKS/ GM/05/2081-082 | Rajigaun koshighat % no ward office Road construction works Sahare, Surkhet | Himal Nirman Sewa Mugu | Rs: 1794758.21 | |
| 3 | NCB/WORKS/ GM/06/2081-082 | Damargaun Botechaur Masanghat Road construction works Sahare, Surkhet | P.L. Enginnering and Builders Banke | Rs: 1645057.82 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Birendranagar Municipality
## Office Of The Municipal Executive
Birndranagar, Surkhet
Karnali province, Nepal

### Invitations For Bids

**(First Date of publication: - 2081.11.23 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111& PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security |
|---|---|---|---|---|
| SQ/BM/W/ 081/082/05 | Gandaki Tole Narayan Sharma Near House Road Upgrading Works | NRs. 1000/- | NRs. 1,905,808.92 | NRs. 45000.00 |

**Chief Administrative Officer**

अनुसूची–१०
दफा १.१५.४ (च) सँग सम्बन्धित
निक्षेप उपर हकदावीको सूचना

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २००१/११/२३)

सुर्खेत जिल्ला वीरेन्द्रनगर-७ बस्ने कर्ण बहादुर चन्दको मिति २०८१/१०/२२ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमती नातापर्ने वीरेन्द्रनगर-७ बस्ने पवित्रा कुमारी चन्दले यस बैंकमा मिति २०८१/११/१३ मा निवेदने दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय सुर्खेतमा हकदावी गर्न आउनु होला । सो म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भै जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

**राष्ट्रिय बाणिज्य बैंक लि.**
**शाखा कार्यालय सुर्खेत**

## धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८१।११।२३)

यस बैंकका देहायका शाखा कार्यालयहरुबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा आई आफुले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैले सकार गर्न सक्ने ब्यहोरा समेत जानकारी गराईएको छ ।

यो सूचना बमोजिम ३५(पैंतीस) दिन भित्र चुक्ता नभएमा तपसीलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन ईच्छुक ब्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ औं दिन वा सो भन्दा अगाडि नै कर्णाली प्रदेश कार्यालय सुर्खेतमा कार्यालय समयभित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ । बोलपत्र सुचना प्रकाशन भएको ३६ औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको ११ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन । साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसील**

गोप्य शिलबन्दी टेण्डर पेश गर्ने अन्तिम मिति : २०८१ साल चैत्र महिना २८ गते
धितो लिलाम बिक्री हुने मिति : २०८१ साल चैत्र महिना २९ गते
सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय, डोल्पा ।
लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. कर्णाली प्रदेश कार्यालय सुर्खेत ।

**ग्राहकको विवरण**

१) **कर्जा ग्राहकको नाम:** क) सिद्धिसाई प्रकाश कन्सट्रक्सन प्रा.लि. प्रो दिपेन्द्र बहादुर शाही
ख) जमानत दावी कर्जा हाइग्रिभा/सिद्धिसाई जे.भी. ग) व्यक्तिगत कर्जा : दिपेन्द्र बहादुर शाही ना.प्र.नं.१३७०/९१५
जारी मिति: २०४७/०७/१३ जारी भएको कार्यालय: जिल्ला प्रशासन कार्यालय डोल्पा

**बाबुको नाम:** बाग बहादुर शाही **बाजेको नाम:** चन्द्ररुप शाही
**दर्ता भएको कार्यालय:** उद्योग वाणिज्य मन्त्रालय / कम्पनी रजिष्टार कार्यालय
कम्पनिको दर्ता नं.१४०९/०३८ दर्ता मिति: २०३८/१०/२२ पान नं. ३०००५१५८६

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/ कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग म.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| जमानत दाँवी कर्जा | दिपेन्द्र बहादुर शाही | डोल्पा | दुनै | ०१<br>५ | १३७<br>५२ | १८२<br>२०२१ | दुबै कित्तामा अभिलेखिकरण नभएको भवन संरचना रहेको |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| दिपेन्द्र बहादुर शाही | दुनै-०५, डोल्पा | १३७०/९१५ | जिल्ला प्रशासन कार्यालय डोल्पा २०४७/०७/१३ | बाग बहादुर शाही | चन्द्ररुप शाही |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरीकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| दिपेन्द्र बहादुर शाही | दुनै-०५, डोल्पा | १३७०/९१५ | जिल्लाप्रशासन कार्यालय डोल्पा २०४७/०७/१३ | बाग बहादुर शाही | चन्द्ररुप शाही |

**शर्तहरू :**

१. शिलवन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शिर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर कर्जा शिर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
५. टेण्डर मिति २०८१ चैत्र २९ गतेका दिन दिनको ११ बजे कृषि विकास बैंक लि. प्रदेश कार्यालय सुर्खेतमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी वापत शाखा कार्यालय वा कर्णाली प्रदेश कार्यालय सुर्खेतमा सम्पर्क राखि जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ । साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ ।
१२. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
१३. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ ।
१४. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं ।**

## Mugum Karmarong Rural Municipality
## Office of the Rural Municipal Executive

Pulu, Mugu

## Invitation for Bids

**First Date of Publication: - 2081/11/23 BS, 2025/03/07 AD**

1. The Mugum Karmarong Rural Municipality,Pulu Mugu / Local Infrastructure Support Program (LISP) invites sealed Quotation from eligible bidders for the procurement of Supply and Delivery of Goods to project site under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations..

| SN | Contract No/ Bid No | Description of Works | Total cost of project exclusive Vat and Contengency NRs | Bid Security Amount (NRs) | Bid document Price (NRs) | Last date of submission of bids | Bid opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 2. | MKRM/SQ/ GOODS/ 05/2081-082 | Supply and Delivery of Construction Material of Kimri Water Supply Project (LISP) | 1,370,612.00 /- | 40000/- | 1000.00/- | 2025-03-23 Time 12:00 PM | 2025-03-23 Time 14:00 PM | |
| 2. | MKRM/SQ/ GOODS/ 06/2081-082 | Supply and Delivery of Construction Material of Karti Gyak Water Supply Project (LISP) | 1,553,490.67 /- | 45000/- | 1000.00/- | 2025-03-23 Time 12:00 PM | 2025-03-23 Time 14:00 PM | |

2. To deposit Bid Document Price Use revenue account No. 4550100301010003, Account name MUGUMKARMARONG GA.PA. (GA-1-1)-AANTA,
3. For More Information Please visit PPMO website www.bolpatra.gov.np/egp or Contact +9779858322737, +9779844888359, +9779868310399 and +9779848313094

**Chief Administrative Officer**


**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि :
९८५८०७१९०२

**घरायसी सामानहरुका लागि :**
**भवानी अर्डर एण्ड सप्लायर्स**
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.–३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**
**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

Bhawani Auto Workshop – BC Group – Birendranagar-Surkhet

**भवानी अटो वर्कसप**
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

**हाम्रा सेवाहरु**
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

TOYOTA | BYD | Mahindra | FORCE MOTORS | ISUZU | FOTON | TATA



Servicing | Repair | Denting | Panting | Washing

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।